# अजिरकोट गाउँपालिका शिक्षा ऐन, २०७७

गाउँ सभाबाट स्विकृत मितिः २०७७/०३/२४

**प्रस्तावनाः**

नेपालको संविधानमा आधारभूत र माध्यमिक तहको शिक्षाको जिम्मेवारी स्थानीय सरकारको एकल अधिकारको सूची अन्तर्गत समावेश भए बमोजिम अजिरकोट गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भैरहेका विद्यालय एवं अन्य शैक्षिक संस्थाहरूको व्यवस्थापनमा सुधार गरी सबै बालबालिकाहरुको शिक्षा सम्बन्धि मौलिक हकको सम्मान तथा विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वान्छनीय भएकाले नेपालको संविधानको धारा २२६ (१), अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) र दफा २१ ले दिएको अधिकार प्रयोग गरी अजिरकोट गाउँपालिकाको गाउँसभाबाट पारित गरी यो ऐन जारी गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः-

(१) यस ऐनको नाम अजिरकोट गाउँपालिका शिक्षा ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन अजिरकोट गाउँपालिका भर तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) 'आधारभूत शिक्षा' भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) 'प्राथमिक शिक्षा' भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) 'माध्यमिक शिक्षा' भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) 'गाँउपालिका' भन्नाले अजिरकोट गाउँपालिका सम्झनुपर्छ ।

(ङ) 'विशेष शिक्षा' भन्नाले दृष्टिविहिन, बहिरा, अटिजम, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(च) 'विद्यालय शिक्षा' भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(छ) 'प्राविधिक तथा व्यावसायिक शिक्षा' भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ज) 'सामुदायिक विद्यालय' भन्नाले समुदायको पहलमा स्थापना गरिएको गैर नाफा मूलक र नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ । यो शब्दले धार्मिक विद्यालय (गुम्वा, गुरुकूल र मदरशा) समेतलाई जनाउने छ ।

(झ) 'संस्थागत विद्यालय' भन्नाले नीजि पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ) 'सहकारी विद्यालय' भन्नाले सहकारी संस्थाको पहलमा कानून बमोजिम सञ्चालन अनुमति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ट) 'कर्मचारी' भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ठ) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) 'अनुमति' भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) 'निशुल्क शिक्षा' भन्नाले तोकिएको शीर्षकहरूमा कुनै शुल्क लिन नपाउने गरी व्यवस्थापन गरिएको शिक्षा सम्झनु पर्छ। यो व्यवस्थाले नेपालको सविधानको धारा (३९) को उपधारा (२) बमोजिम बालबालिकाको शिक्षाको लागि परिवारको दायित्व तोक्ने गरी गाउँपालिकाले कानून बनाउन बन्देज लगाएको मानिने छैन ।

(ण) 'आवासीय विद्यालय' भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(त) 'शैक्षिक गुठी' भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा नीजि गुठी सम्झनु पर्छ ।

(थ) 'स्थायी आवासीय अनुमति' भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा ( पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(द) 'प्रारम्भिक बालशिक्षा' भन्नाले चार बर्ष देखि पाँच बर्षसम्मका बालबालिकाहरूलाई दिइने शिक्षा सम्झनु पर्छ ।

(ध) 'शिक्षक छनौट समिति' भन्नाले स्वीकृत दरबन्दी तथा थप अनुदान (राहत) कोटामा करार शिक्षक नियुक्तिको सिफारिस गर्न गठन भएको गाउँपालिका स्तरीय शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।

(न) 'समावेशी शिक्षा' भन्नाले दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिजम, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्दतिको अधिनमा रही दिइने शिक्षा सम्झनु पर्छ ।

(प) 'शिशु स्याहार' भन्नाले ४ बर्ष मुनिका बालबालिकालाई तोकिएको मापदण्ड बमोजिम उचित स्याहार सहित प्रदान गरिने विद्यालय बाहिरको सेवा सम्झनु पर्छ ।

(फ) 'शिक्षा अधिकृत' भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तरगतको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको रुपमा कार्यरत अधिकृत सम्झनु पर्छ ।

(फ) 'शिक्षा शाखा' भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तरगतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(ब) 'गाउँ शिक्षा समिति' भन्नाले अजिरकोट गाउँपालिका अन्तर्गत रहेको शिक्षा समिति सम्झनु पर्छ ।

## परिच्छेद- २

## विद्यालयको स्थापना, कक्षा थप, पूर्वाधार, समायोजन, बन्द तथा सिकाइ केन्द्र सम्बन्धी व्यवस्था

**३. विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति लिनु पर्नेः**

(१) कसैले विद्यालय खोल्न वा कक्षा थप गर्न चाहेमा तोकिएको पूर्वाधार पूरा गरी वडा समितिको सिफारिस सहित रितपूर्वक शैक्षिक सत्र सुरू हुनुभन्दा तीन महिना अगावै शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर शिक्षा अधिकृतले आवश्यक जाँचबुझ गरी संघीय, प्रादेशिक कानून र गाउँपालिकाले तोकेको शर्त बन्देज पालना गर्ने गरी गाँउ शिक्षा समितिको सिफरिसमा गाउँ कार्यपालिकाको निर्णयानुसार तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालित कुनै विद्यालयले कम्पनी खारेज गरी संघीय र प्रादेशिक कानूनमा भएको व्यवस्था अनुसार शैक्षिक गुठी वा सहकारीमा रुपान्तरण गर्न सक्ने छ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवन वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(५) संघीय तथा प्रादेशिक कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्दा गुठीयारमा, सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र नीजि गुठी भए कम्तीमा तीन जना सदस्य भएको संगठित संस्था हुनुपर्ने,

(ख) शैक्षिक गुठीको आय व्ययको स्रेस्ता तोकिए बमोजिम तयार गरी मान्यताप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(ग) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीयारले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा संघीय र प्रादेशिक कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(६) संघीय कानून अनुसार कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी नेपाल सरकारले विद्यालय खोल्न अनुमति वा स्वीकृति दिई सञ्चालन भएको विद्यालयको सञ्चालन संघीय कानून अनुसार हुने छ तर ती विद्यालयहरूको अनुगमन, निरीक्षण र आधारभूत तहको परीक्षार्थीको मूल्याङ्कन गाउँपालिकाबाट हुनेछ ।

(७) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति र नियमन तोकिए बमोजिम हुनेछ ।

(८) विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**४ विद्यालय खोल्नका लागि पूर्वाधार पूरा गर्नुपर्ने :** (१) सामुदायिक तथा संस्थागत विद्यालयहरूले पूरा गर्नु पर्ने पूर्वाधारहरू तोकिए बमोजिम हुने छ । प्रचलित कानून अनुसार तोकिएको पूर्वाधार तयार नहुदासम्म विद्यालयहरूलाई सञ्चालनको लागि अनुमति दिइने छैन ।

(२) यो ऐन जारी हुदाँ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूको पूर्वाधार तोकिएको अवधिभित्र पूरा गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ । तोकिएको अवधिमा पनि पूर्वाधार पूरा नगर्ने विद्यालयको सञ्चालन अनुमति रद्द हुनेछ ।

(३) सामुदायिक विद्यालयहरूको पूर्वाधार विकासमा सहयोग गर्ने दायित्व संघ, प्रदेश र गाउँपालिकाको हुनेछ ।

**५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने**

(१) सामान्यतया देहायको अवस्थामा विद्यालयहरू स्वतः समायोजन हुनेछन्:

क. दुई वा सो भन्दा बढि विद्यालयहरू बीचको पैदल दुरी सहज आवागमन सहित बढिमा ३० मिनेट वा दुई किलोमिटरसम्म भई कक्षा ५ सम्म सञ्चालन रहेको,

ख. दुई वा सो भन्दा बढी विद्यालयका विद्यालय व्यवस्थापन समितिले आपसमा गाभेर सञ्चालन गर्ने निर्णयकासाथ वडा समितिको सिफारिस सहित गाँउपालिकामा निवेदन दिएमा,

ग. कुनै विद्यालयमा तोकिएको सङ्ख्या भन्दा कम विद्यार्थी भई तिनीहरूको शिक्षाको लागि गाउँपालिकाले दफा ६(१) बमोजिमको विद्यालयमा वा अन्यत्र सबै विद्यार्थीहरूलाई अध्ययनको व्यवस्था मिलाएमा ।

(२) कुनै विद्यालयमा संघीय कानून र गाउँपालिकाले तोकेको कक्षागत विद्यार्थी संख्याको तोकिएको अनुपातभन्दा कम विद्यार्थी भएमा तह झार्न वा कक्षा वन्द गर्न सक्नेछ ।

(३) गाउँपालिकाले तोकिए बमोजिमका शर्त पूरा गर्ने कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा विद्यालयको नाम परिवर्तन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**६. आवासीय विद्यालय सञ्चालन गर्न सक्ने:**

(१) गाउँपालिकाले गाउँ क्षेत्रभित्रका विकट र छरिएका ग्रामीण बस्तीहरूमा सञ्चालित दफा (५) को उपदफा (ग) बमोजिम समायोजन गरिएका विद्यालयमा अध्ययनरत विद्यार्थी तथा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनमा पँहुच बाहिर रहेका लक्षित उमेर समूहका बालबालिकाहरूको आधारभूत शिक्षा सुनिश्चिततताको लागि तोकिएको विद्यालयलाई आवासीय विद्यालयको रूपमा सञ्चालन गर्न सक्नेछ ।

(२) आवासिय विद्यालयहरूमा तोकिए बमोजिमका विद्यार्थी तथा विद्यालय उमेर समूहका विद्यालय बाहिरका बालबालिकाहरूले निशुल्क आवासीय सुविधा सहित आधारभूत शिक्षा प्राप्त गर्ने छन् ।

**७. शाखा विद्यालय सञ्चालन गर्न सक्ने**: तोकिएको सीमाभन्दा कम विद्यार्थी सङ्ख्या भई कुनै सामुदायिक विद्यालय तत्काल अन्य विद्यालयमा समायोजन हुन सक्ने अवस्था नभएमा सो विद्यालयलाई वडा भित्रको कुनै माध्यमिक विद्यालयको शाखा विद्यालयको रुपमा सञ्चालन हुने गरी गाउँपालिकाले तोक्न सक्नेछ । यसरी तोकिएको विद्यालयको व्यवस्थापन समिति मातृ विद्यालयले तोके बमोजिम हुने छ ।

**८. ठुला (मेघा) विद्यालय सञ्चालन गर्न सक्ने:**

(१) हाल सञ्चालनमा रहेका कुनै इच्छुक विद्यालयले दफा (४) मा उल्लिखित पूर्वाधारका अतिरिक्त निम्न बमोजिमका पूर्वाधार र सर्त पूरा गरेमा गाउँपालिकाले ठुला विद्यालयको रूपमा सञ्चालन गर्न स्वीकृति दिनेछ:

क. कम्तिमा ८०० भन्दा बढी विद्यार्थी भएको,

ख. न्यूनतम तहगत र विषयगत दरबन्दी भएको,

ग. आधारभूत शिक्षा उत्तीर्ण परीक्षामा तोकिएको स्तर कायम गरेको तथा माध्यमिक शिक्षा परीक्षा र प्रवेशिका परीक्षाको नतिजा राष्ट्रिय स्तरको भन्दा उच्च रहेको,

घ. पर्याप्त जमिन तथा पूर्वाधार भएको वा विकास गर्न सकिने आधार भएको ।

(२) दफा (८) वमोजिम विद्यालयहरूलाई संघ, प्रदेश र गाँउपालिकाले देहायका क्षेत्रमा थप लगानी गर्न सक्नेछः-

क. कक्षा कोठा, प्रयोगशाला र अन्य पूर्वाधार विकास तथा यातायात व्यवस्थापनमा,

ख. विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षा (सेक्सन समेत) को आधारमा थप विषयगत शिक्षकको व्यवस्थापन,

ग. निशुल्क शिक्षा कार्यान्वयन तथा दफा ६(१) बमोजिमको विद्यालय सञ्चालन नहुँदासम्म दफा (५) को उपदफा (ग) बमोजिम समायोजन भएको विद्यालयका विद्यार्थीहरूलाई आवासको व्यवस्थाका लागि आवास भवन निर्माण तथा छात्राबास सञ्चालनका लागि अनुदान दिने ।

घ. सम्झौतामा उल्लेखित विषय ।

(३) यस दफा अनुसार थप सहयोग पाउने विद्यालयहरूको आन्तरिक लेखापरीक्षण गाँउपालिकाले गर्ने छ ।

**<u>९. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः</u>**

(१) गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ तथा सचेतनामूलक कार्यहरू समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) सिकाइ केन्द्रका लागि तोकिएको मापदण्डमा आधारित भएर अनुदानको व्यवस्था गर्नेछ ।

**<u>१०. शिशु स्याहार, प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धी व्यवस्थाः</u>**

(१) तोकिएको मापदण्डमा आधारित भई प्रारम्भिक बाल शिक्षा सञ्चालनको अनुमति सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार शिक्षा शाखाले दिनेछ ।

(२) प्रारम्भिक बालविकास शिक्षा वा पूर्व प्राथमिक विद्यालयको अवधि एक वर्षको हुनेछ ।

(३) चार वर्ष उमेर नपुगेका बालबालिका प्रारम्भिक बाल बिकास केन्द्रमा भर्ना गर्न तथा पाँच वर्ष उमेर पूरा भएका बालबालिकालाई यस्ता केन्द्रमा राख्न पाइने छैन ।

(४) सामुदायिक बालविकास केन्द्र नजिकको विद्यालयलाई जिम्मेवार बनाई तोकिए बमोजिम सञ्चालन गरिनेछ ।

(५) चार वर्ष उमेर नपुगेका बालबालिकाको लागि शिशु स्याहार केन्द्र सञ्चालन गर्न सकिने छ । यस्ता केन्द्रहरूको अनुमति र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**११.** गाउँपालिकाले आफ्ना नागरिकहरूको शिक्षा सम्बन्धी विविध आवश्यकता पूरा गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद- ३

## <u>पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षाको माध्यम र परीक्षा सम्बन्धी व्यवस्था</u>

**१२. <u>पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्थाः</u>**

(१) विद्यालयले संघीय र प्रादेशिक कानूनमा तोकिए बमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक अध्यापन गराउनु पर्नेछ ।

(२) स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक विकास र व्यवस्थापन तथा पाठ्यपुस्तकको उपलब्धता सम्बन्धमा अनुगमन लगायतका कामको लागि तोकिए बमोजिमको पाठ्यक्रम विकास तथा अनुगमन समिति रहनेछ ।

**१३. थप पाठ्यपुस्तक तथा पाठ्यसामाग्री अध्यापन गर्न स्वीकृति लिनुपर्नेः**

(१) कुनै विद्यालयले थप पाठ्यसामाग्री वा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा पाठ्यक्रम विकास केन्द्रमा सूचीकृत थप पाठ्य सामाग्री वा पाठ्यपुस्तक प्रयोगको लागि गाउँ शिक्षा समितिको निर्णय अनुसार दिइनेछ ।

(२) विद्यालयले अध्यापन गराउने ऐच्छिक विषयको स्वीकृति गाउँ शिक्षा समितिको निर्णय वमोजिम शिक्षा अधिकृतले दिनेछ ।

**१४. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुबै भाषा हुन सक्ने छ । तर देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

(क) प्राथमिक शिक्षा (कक्षा १-५) मातृभाषामा दिन सकिनेछ ।

(ख) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

(ग) शिक्षणको माध्यम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(घ) माथि जे सुकै लेखिएपनि विद्यार्थीको कला धर्म सस्कृति सामाजिक जनजीवनसँग सम्बन्धित विषयवस्तु शिक्षण गर्दा नेपाली भाषामा शिक्षण गर्नु पर्नेछ ।

**१५. परीक्षाको सञ्चालनः**

(१) माध्यमिक तह (कक्षा १० - १२) को परीक्षा संघीय तथा प्रादेशिक कानून अनुसार सञ्चालन हुनेछ ।

(२) आधारभूत तह (कक्षा ८ र कक्षा ५) को अन्तिम परीक्षा तथा विभिन्न कक्षाको सिकाइ उपलब्धि परीक्षा तोकिए बमोजिमको परीक्षा समितिबाट गाँउस्तरमा र अन्य कक्षाहरूको परीक्षा तोकिए बमोजिम सञ्चालन हुनेछ ।

## परिच्छेद- ४

## कार्यपालिका, गाँउ शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत र वडा समितिको काम कर्तव्य र अधिकार

**१६. कार्यपालिकाको काम कर्तव्य र अधिकार :**

(१) शिक्षा सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा गर्ने,

(२) नीति तथा ऐन कार्यान्वयनको लागि नियमावली, निर्देशिका र कार्यविधि जारी गर्ने,

(३) शिक्षा सम्बन्धी वार्षिक, अल्पकालिन र दीर्घकालीन योजना स्वीकृत गर्ने ।

(४) कार्यपालिकाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१७. गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार :** (१) गाउँपालिका भित्र सञ्चालन हुने विद्यालयको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ-

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँ कार्यपालिकाले मनोनित गरेको महिला सदस्य एकजना - सदस्य

(ग) गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

(घ) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको दुई जना - सदस्य

(ङ) बुद्धिजिवी, समाजसेवी र शिक्षाविद् मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(च) संघीय कानून अनुसार गठन भएको गाउँ स्तरीय शिक्षक महासंघको अध्यक्ष वा निजले तोकेको महासंघको सदस्य एक जना -सदस्य

(छ) सम्बन्धीत गाउँपालीका क्षेत्रभित्र सञ्चालीत संस्थागत बिद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ज) गाउँपालिकाको शिक्षा अधिकृत -सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल एक वर्षको हुनेछ ।

(३) उपदफा १ को खण्ड (घ) र (ङ) बमोजिम मनोनित सदस्यहरू सकेसम्म समावेशी हुनु पर्नेछ ।

(४) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिव माफिकको स्पष्टिकरणको मौकाबाट वञ्चित गरिने छैन ।

(५ ) शिक्षा समितिको वैठक कम्तीमा प्रत्येक चौमासिकमा एक पटक वस्नुपर्नेछ ।

(६ ) शिक्षा समितिको वैठक भत्ता गाउँपालिकाको प्रचलित कानुन वमोजिम हुनेछ तर एक आर्थिक वर्षमा वढीमा ६ वटा भन्दा वढी वैठकको भत्ता उपलब्ध गराईने छैन ।

(७) वैठक सञ्चालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थीति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको आधारमा हुनेछ ।

(८) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार र वैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. <u>प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य र अधिकार :</u>**

(१) शिक्षा अधिकृतबाट पेश भएको शिक्षा सम्बन्धी नीति, कानून र योजनाको मस्यौदा प्रस्ताव गरी कार्यपालिका र गाउँ सभामा पेश गर्ने ।

(२) प्रमुख प्रशासकीय अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१९. शिक्षा अधिकृतको <u>काम कर्तव्य र अधिकार :</u>**

(१) गाउँपालिकामा एक शिक्षा अधिकृत रहनेछ । यो ऐनमा अन्यत्र लेखिए बाहेक निजको अन्य काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक बालबिकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक, निरन्तर सिकाई, सामुदायिक सिकाइ केन्द्र, धार्मिक विद्यालय, विशेष शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा नियमन गर्ने ।

(ख) गाउँ शिक्षा समितिको निर्णयहरू कार्यान्वयन गर्ने ।

(ग) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(२) शिक्षा अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२०. विद्यालय व्यवस्थापन समितिः** विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति हुनेछ ।

**१. सामुदायिक विद्यालयको व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले आफूहरूमध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना - सदस्य

(ख) बिद्यालय रहेको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले मनोनित गरेको एकजना - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई ५ लाख वा सो भन्दा वढि नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) बिद्यालय व्यवस्थापन समिति गठनको लागि अभिभावकक भेलाले उपदफा (१) को खण्ड (क) अनुसारका सदस्यहरु छानेको मितिले ७ (सात) दिनभित्र बिद्यालय व्यवस्थापन समितिको पहिलो बैठक जेष्ठ सदस्यको अध्यक्षतामा बैठक बसी उपदफा (१) को खण्ड (ग) अनुसारको सदस्यहरु मनोनयन गरीसक्नु पर्नेछ ।

(३) उपदफा (२) अनुसार सदस्य मनोनयन गरेको मितिले ७ (सात) दिनभित्र जेष्ठ सदस्यको अध्यक्षतामा बैठक बसी उपदफा (१) को खण्ड (क), (ख)र (ग) का सदस्यहरु मध्येबाट अध्यक्ष पदमा अध्यक्ष छनौट गर्नु पर्नेछ । यसरी अध्यक्ष पदका लागि पहिलो बैठकबाट छनौट हुन नसकेमा ५ (पाँच) दिन भित्र दोस्रो बैठक बसी अध्यक्ष चयन गर्नु पर्नेछ । दोस्रो बैठकले पनि अध्यक्ष चयन गर्न नसकेमा ३ (तिन) दिन भित्र बैठक बसि उपदफा (१) को खण्ड (क), (ख) र (ग) का सदस्यहरु मध्येबाट प्र.अ.को प्रतिबेदन सहित अध्यक्ष पदमा छनौटका लागि ३ जना सदस्यहरुको नाम अध्यक्ष पदमा मनोनितका लागि गाउँ शिक्षा समितिमा सिफारीस गरी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारीस भई आएका सदस्यहरु मध्येबाट एक जना सदस्यलाई गाउँ शिक्षा समितिको बैठक बसी अध्यक्ष पदमा मनोनित गर्नेछ ।

(५) उपदफा (३) र (४) अनुसार तोकिएको समयमा अध्यक्ष छनौट वा मनोनित हुन नसकेमा गाउँ शिक्षा समितिले उपदफा (१) को खण्ड (क), (ख) र (ग) मध्येवाट एकजना सदस्यलाई मनोनित गर्नेछ ।

(६) प्राविधिक र व्यावसायिक विषयमा अध्यापन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसंग आवद्धहरू मध्ये गाँउ शिक्षा समितिले मनोनित गरेको दुई जना सदस्य रहनेछ ।

(७) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू रहनेछ ।

(८) शिक्षा अधिकृत वा शिक्षा अधिकृतले तोकेको शाखाको कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

(९) सामुदायिक बिद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको योग्यता, व्यवस्थापन समितिका पदाधिकारीहरूको काम, कर्तव्य, अधिकार, वैठक तथा अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**२. संस्थागत विद्यालयको व्यवस्थापन समितिः**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येकविद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) सम्बन्धित विद्यालयको सस्थापक वा लगानीकर्ताहरु मध्येबाट बिद्यालयले सिफारीस गरी पठाएका कम्तीमा ३ जना मध्येबाट प्राथमिकता क्रमको आधारमा गाउँ शिक्षा समितिबाट मनोनित भएका एक जना व्यक्ति - अध्यक्ष

(ख) गाउँ शिक्षा अधिकारी वा निजले तोकेको सो शाखाको एकजना प्रतिनिधि - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट वडा समितिको सिफरिसमा गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना महिला -सदस्य

(घ) बिद्यालय रहेको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले मनोनित गरेको एकजना - सदस्य

(ङ) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना - सदस्य

(च) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना - सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदपफा (१) वमोजिम गठन हुने संस्थागत विद्यालय व्यवस्थापन समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित हुनु पर्नेछ ।

(३)उपदफा (१) को खण्ड (क) बमोजिमको व्यक्ति सिफारिस गर्दा सम्बन्धित विद्यालय कम्पनी अन्तरगत सञ्चालित भए कम्पनीको शेयर सदस्यमध्येबाट र सहकारी अन्तरगत सञ्चालित भए सम्बन्धित सहकारीको शेयर सदस्यमध्येबाट सिफारिस गर्नु पर्नेछ ।

(४) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) संस्थागत बिद्यालय ब्यवस्थापन समिति गठन, व्यवस्थापन समितिका पदाधिकारीहरूको योग्यता, गठन सम्वन्धी अन्य व्यवस्था र व्यवस्थापन समितिका पदाधिकारीहरूको काम, कर्तव्य, अधिकार र वैठक तोकिए वमोजिम हुनेछ ।

**२१. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः** (१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई गाँउ शिक्षा समिको सिफारिसमा गाउँकार्यपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन

समिति विघटन गर्न सक्नेछ। तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाँउ शिक्षा समितिले तीन देखि सात सदस्यीय अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

**२२. विद्यालय सञ्चालन कार्यविधिः**

(१) यो ऐन र प्रचलित कानूनको अधिनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया, शिक्षक, कर्मचारी, अभिभावक तथा अन्य सरोकारवालाहरूको आचार संहिता, शिक्षक कर्मचारी, अभिभावक, विद्यार्थी र अन्य सरोकारवालाको जिम्मेवारी, कर्तव्य र दायित्व तथा विद्यालय सञ्चालन विधि र प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विद्यालय सञ्चालन कार्यविधि अभिभावक भेलाबाट पारित गराई गाँउ शिक्षा समितिबाट स्वीकृत गराइ लागू गर्नु पर्नेछ।

(२) विद्यालय सञ्चालन कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ।

(३) विद्यालय सञ्चालन कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ५

## आर्थिक प्रबन्ध, सहायता र छुट

**२३. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाँउपालिकाबाट प्राप्त अनुदान,

(ख) नियमानुसार लिन पाउने शुल्क,

(ग) सहयोग, चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) विद्यालयका सम्पूर्ण खर्च सोही कोषबाट हुने छ। उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा सामाजिक परीक्षण र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ।

निर्देशन दिन सक्नेः (१) गाउँ शिक्षा समितिले आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) वमोजिम दिएको निर्देशनको पालना गर्नु प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**२४. विद्यालय र बाल बिकास केन्द्रको स्थापना तथा अनुदानको व्यवस्था**

(१) प्रारम्भिक वाल विकास केन्द्रको स्थापना सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(२) (क) गाउँपालिकाले तोकिएको आधारमा सामुदायिक विद्यालय र बालबिकास केन्द्रलाई अनुदान दिने छ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन ।

(ख) अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२५. विद्यालयलाई छुट र सुविधाः**

(१) सामुदायिक विद्यालय र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई संघीय, प्रादेशिक र गाउँपालिकाको कानूनमा भएको व्यवस्था बमोजिम छुट र सुविधा हुनेछ ।

(२) सामुदायिक र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई गाँउपालिकाले, आफुले लगाएको कर वा अन्य सेवा वा सुविधामा तोकिए बमोजिम विशेष छुट दिन सक्नेछ ।

## परिच्छेद- ६

## अनिवार्य तथा निशुल्क शिक्षा, विद्यार्थी सहायता तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था

**२६. अनिबार्य,  निशुल्क आधारभूत शिक्षा सम्बन्धी व्यवस्था :**

(१) सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकाहरूलाई तोकिए बमोजिम निशुल्क शिक्षा उपलब्ध हुनेछ ।

(२) निशुल्क शिक्षा उपलव्ध हुने उमेर समूहका बालबालिकालाई विद्यालयमा नपठाउने वा बालश्रममा लगाउने अभिभावक, संरक्षक वा उद्योगी / व्यापारी वा अन्य व्यक्तिलाई गाउँपालिकाले तोकिए बमोजिम दण्ड जरिवाना गर्नेछ । त्यस्ता व्यक्ति वा संस्थालाई गाँउपालिकाबाट उपलब्ध हुने सेवा सुविधा रोक्का वा स्थगन गर्न सकिने छ ।

**२७. निशुल्क माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था :**

**(१) माध्यमिक शिक्षा (९ -१०) निशुल्क हुनेः** सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकालाई गाँउपालिकाले तोकिए बमोजिम निशुल्क शिक्षा उपलब्ध गराउने छ ।

(२) माध्यमिक शिक्षा (११-१२) को हकमा निशुल्क शिक्षाको व्यवस्थापन संघीय र प्रादेशिक कानून अनुसार गरिने छ ।

**२८. दफा** २६ (१) र दफा २७ (१) बमोजिम प्रदान गरिएको शिक्षामा कुनै विद्यालयले शुल्क लिएमा त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराई सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई शिक्षा अधिककतले सचेत गराउने तथा प्रधानाध्यापकलाई विभागीय कारवाही गर्न सक्नेछ । तर कुनै अभिभावकले आफ्नो स्वेच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

**२९. विद्यार्थी सहायता तथा छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम आर्थिक सहायता र छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**३०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्या वा प्रत्येक कक्षामा तोकिएको न्यूनतम विद्यार्थी सङ्ख्या जुन धेरै हुन्छ, को कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता

भएकाहरू, महिला, दलित वा जनजाति तथा अल्पसङ्ख्यक र अन्य समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापकको संयोजकत्वमा, गाउँपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सार्वजनिक गर्नु पर्नेछ । गाउँपालिकाले छनौटको आधार सहितको निर्देशन दिएमा सो आधारलाई मुख्य आधार मानी छात्रवृत्ति छनौट गर्नु पर्नेछ ।

(४) माथि जे सुकै कुरा उल्लेख गरिएको भए पनि गाँउपालिकाले थप कार्यविधि वनाई प्रत्येक विद्यालयका लागि छात्रवृत्तिको कोटा तोकी निर्दिष्ट प्रक्रियामार्फत परीक्षाका माध्यमबाट छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी आफै छनौट र सिफारिस गर्न सक्ने छ । यसरी छनौट र सिफारिस भएका विद्यार्थीलाई निशुल्क अध्यापन गराउनु सम्बन्धित विद्यालयको दायित्व हुने छ तर उपदफा (१) बमोजिम निर्धारण भएको छात्रवृत्ति कोटा बराबरको रकम सम्बन्धित विद्यालयले गाउँ शिक्षा समितिको कोषमा जम्मा गर्ने गरी तोक्न सक्नेछ । यसरी तोकिएको रकम गाउँ शिक्षा समितिले तोकिएको कार्यविधि बमोजिम दफा (६) अनुसार स्थापित आवासीय विद्यालयमा अध्ययनरत विपन्न र लक्षित वर्गको छात्र छात्राहरूको आवासीय छात्रवृत्तिमा खर्च गर्नेछ ।

## परिच्छेद- ७

## विद्यालय शिक्षण सेवाको गठन र सञ्चालन सम्बन्धी व्यवस्था

### ३१. विद्यालय शिक्षण सेवाको गठन

(१) संघीय कानूनमा व्यवस्था भए बमोजिम गाँउपालिकामा एक विद्यालय शिक्षण सेवाको गठन हुनेछ ।

(२) शिक्षकहरूको सेवाको शर्त (योग्यता, तह, श्रेणी विभाजन र अन्य सेवा सुविधा) संघीय र प्रादेशिक कानूनमा व्यवस्था भए बमोजिमहुने छ ।

(३) संघीय र प्रादेशिक कानूनको अधिनमा रही गाँउपालिकाले शिक्षकको सेवा शर्त सम्बन्धी थप व्यवस्था गर्न सक्नेछ ।

(४) विद्यालयमा कायम रहने शिक्षकहरूको दरबन्दी र पद तोकिए बमोजिम हुनेछ ।

### ३२. शिक्षकको नियुक्तिः

(१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षकहरूको संघीय कानून बमोजिम नियुक्ति शिक्षक सेवा आयोगको सिफारिसमा गाउँ शिक्षा समितिको निर्णय अनुसार शिक्षा अधिकृतले गर्नेछ ।

(२) विद्यालयमा रिक्त दरबन्दी तथा शिक्षक अनुदान कोटामा अस्थायी तथा करार शिक्षक नियुक्तिको व्यवस्था गर्न निम्न बमोजिमको गाँउपालिका स्तरीय शिक्षक छनौट समिति हुनेछ ।

क. गाउँ कार्यपालिकाले मनोनित गरेको व्यक्ति एक जना - अध्यक्ष

ख. गाउँ कार्यपालिकाले मनोनित गरेको एक जना महिला सहित दुईजना - सदस्य

(३) शिक्षक छनौट समितिका पदाधिकारी र सदस्यहरूको योग्यता देहाय अनुसार हुनेछ ।

क. शिक्षा, शिक्षण, प्रशासन र व्यवस्थापन क्षेत्रमा अधिकृत वा सो सरहको स्तरमा कम्तिमा १० वर्ष काम गरेको ।

ख. कम्तिमा १ वर्ष देखि कुनै पनि राजनीतिक दलको सदस्य नरहेको ।

उपरोक्त अनुसार गठन हुने शिक्षक छनौट समितिका सदस्यहरू मध्ये दुई तिहाइ सदस्यहरू शिक्षाशास्त्र संकायमा स्नातक हुनु पर्नेछ ।

(४) गाउँ कार्यकालिकामा छनौट समितिका सदस्य मनोनयनका लागि सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा शिक्षा अधिकृत र गाँउ कार्यपालिकाले तोकेको शिक्षाविद सदस्य रहेको ३ सदस्सीय समिति गाउँ कार्यपालिकाले गठन गर्नेछ ।

(५) सो समितिले १५ दिन भित्र दफा ३२(२) बमोजिमको पदाधिकारीको नियुक्तिको लागि पाँच जनाको नाम सिफारिस गर्नेछ ।

(६) समितिका सदस्यहरूको सेवा सुविधा, बैठक र व्यवस्थापन कार्यविधिले तोकिए बमोजिम हुनेछ ।

(७) यस दफा बमोजिमको समितिको गठन नहुँदा सम्म गाँउ शिक्षा समितिले संक्षिप्त कार्यविधि तोकी शिक्षक छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(८) करार शिक्षक नियुक्ति प्रक्रिया तथा शिक्षक करार सूची सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(क) शिक्षक छनौट समितिले गाँउ शिक्षा शाखाले उपलब्ध गराए बमोजिमको विवरणको आधारमा प्रत्येक महिनामा विज्ञापन प्रकाशित गर्नेछ ।

(ख) शिक्षक छनौट सम्बन्धी कार्य सम्पन्न गरी करार शिक्षक नियुक्तिको लागि शिक्षा अधिकृत समक्ष विज्ञापन भएको मितिले ३० दिनभित्र शिक्षक नियुक्तिको लागि सिफारिस गर्नेछ ।

(ग) माथि जे सुकै उल्लेख गरिएको भए पनि संघीय तथा प्रादेशिक कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक गाउँ कार्यपालिकाले तोकेको मिति देखि शिक्षक छनौट समितिले सामुदायिक विद्यालयमा रिक्त रहेका सबै प्रकारका (करार) शिक्षक पदमा शिक्षक नियुक्तिको लागि शिक्षक करार सूची तयार पार्ने छ । सो व्यवस्थाको लागि शिक्षक छनौट समितिले शैक्षिक सत्रको सुरुमा शिक्षक करार सूची तयार पारी गाँउ शिक्षा शाखामा पेश गर्ने व्यवस्था गर्नेछ ।

(घ) उपदफा (ख) वा (ग) बमोजिम सिफारिस भएका व्यक्तिलाई गाँउ शिक्षा अधिकृतले बढिमा एक शैक्षिक सत्रको लागि विद्यालय तोकी करारमा नियुक्ति गर्नेछ ।

(९) माथि जेसुकै लेखिएतापनि शिक्षक सेवा आयोगबबाट लिइएको स्थायी शिक्षकको विज्ञापनमा स्थायी नियुक्तिको लागि सिफारिस हुन नसकेका उमेदवारहरू मध्ये सो आयोगबाट करार नियुक्तिको लागि अलगै सूची प्रकाशित गरेको भए सोही सूचीबाट रिक्त दरवन्दी र राहत अनुदानमा करार नियुक्ति गरिनेछ ।

(१०) शिक्षक छनौट सम्बन्धमा शिक्षक छनौट समितिले शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम र कार्यविधिको पालना गर्नुपर्ने छ ।

(११) समितिले गरेका मुख्य मुख्य कार्य सुधार्नु पर्ने पक्षहरू तथा तोकिएका अन्य विवरणहरू समावेश गरी तयार पारिएको वार्षिक प्रतिवेदन गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नेछ ।

**३३. <u>सरुवा सम्बन्धी व्यवस्थाः</u>**

(१) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा आधारभूत तहको प्राथमिक शिक्षकहरूलाई समान तह र किसिमको दरबन्दीमा तथा आधारभूत तहका निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरूलाई सम्बन्धित विषय र समान तह तथा समान किसिमको दरबन्दीमा गाँउ शिक्षा समितिको निर्णयानुसार शिक्षा अधिकृतले तोकिए बमोजिम सरुवा गर्नेछ ।

(२) संघीय र प्रादेशिक कानूनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक अन्तर स्थानीय तह सरुवा गर्दा :

(क) दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाँउ शिक्षा समितिले अर्को स्थानीय तहमा सरुवाको लागि बिद्यालय व्यवश्थापन समितिको निर्णय सहित दोहोरो सहमतिमा सरुवा सहमति दिन सक्नेछ ।

(ख) अन्य स्थानीय तह अन्तरगतका विद्यालयमा कार्यरत स्थायी शिक्षकले सरुवा भई यस गाँउपालिका भित्रका कुनै विद्यालयमा आउन चाहेमा कार्यरत विद्यालय रहेको स्थानीय तहको सहमति सहित तोकिएको अधिकारी समक्ष निर्दिष्ट ढाँचामा निवेदन दिनु पर्ने छ । उक्त निवेदनमा तोकिए बमोजिम कारबाही हुनेछ ।

(ग) सेवा निवृत्त हुन १ वर्ष भन्दा कम सेवा अवधि बाँकी रहेको शिक्षकको सरुवा गरिने छैन ।

(घ) शिक्षक सरूवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३४. प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था:**

(१) प्रत्येक सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक र संघीय र प्रादेशिक कानून एवं गाँउपालिकाले स्वीकृत गरे बमोजिमको सङ्ख्यामा शिक्षक र कर्मचारीको दरबन्दी रहने छ । माध्यमिक विद्यालयमा मात्र सहायक प्रधानाध्यापकको व्यवस्था गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र कर्मचारीहरूको नियुक्ति र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३५. दरबन्दी मिलान:**

(१) प्राथमिक तहमा विद्यार्थी संख्या र सञ्चालित कक्षा तथा अन्य तहमा विद्यार्थी सङ्ख्या सञ्चालित कक्षा (सेक्सन समेत) र अध्यापन गरिने विषयको आधारमा गाँउ शिक्षा समितिले दरबन्दी मिलान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको दरबन्दी मिलानबाट सरुवा हुने शिक्षकले पत्र पाएको मितिले २१ दिनभित्र रमाना लिइ तोकिएको विद्यालयमा हाजिर भइ सक्नु पर्नेछ । यसरी हाजिर नहुने, रमाना नदिने र हाजिर नगराउने प्रधानाध्यापक र शिक्षकलाई विभागीय कारवाही गरिनेछ ।

(३) कुनै विषयमा आवश्यक नभएका शिक्षक दरवन्दी वा बढी भएका दरबन्दी गाँउ शिक्षा समितिले फाजिलमा राख्ने छ । यस्ता दरबन्दीमा कार्यरत शिक्षकलाई शिक्षा शाखाले व्यवस्थापन गर्नेछ । कुनै कारणले यस्ता शिक्षकको पद रिक्त भएमा पदपुर्ति गरिने छैन ।

**३६. शिक्षकको पेशागत युनियन, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:**

(१) संघीय कानूनमा व्यवस्था भए बमोजिम सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न शिक्षक महासंघ रहनेछ ।

(२) नेपाल शिक्षक महासंघ गाँउपालिका स्तरमा गठन गर्न सकिनेछ ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्नु पर्नेछ:-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

तर उपदफा ३ (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र गाँउपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा परेको मानिने छैन ।

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(च) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(छ) स्थायी आवसीय अनुमति पत्र लिएमा

(४) उपदफा (३) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाँउ कार्यपालिकाले नीजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि सफाईको मनासिव मौका भने प्रदान गरिनेछ ।

**३७. <u>शिक्षक तथा कर्मचारीको गुनासो व्यवस्थापनः</u>**

(१) सामुदायिक विद्यालयको शिक्षक र कर्मचारीको पेशागत गुनासो सम्बन्धित विद्यालयका प्रधानाध्यापक र प्रधानाध्यापकको गुनासो विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्ने छ । सो सम्बन्धी गुनासोको अध्ययन गरी सम्भव उपाय अपनाई सम्बन्धित निकायले गुनासो फछ्यौट गर्नुपर्ने छ ।

(२) विद्यालय तहकिकातबाट फछ्यौट हुन नसके उचित कारण खोलि ३० दिन भित्र स्थानीय शिक्षा अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) विद्यालय तहबाट प्राप्त गुनासोको ३० दिन भित्र प्रचलित कानून अनुसार सम्बोधन गर्न स्थानीय शिक्षा अधिकारीको कर्तव्य हुनेछ ।

(४) स्थानीय शिक्षा अधिकारीले फछ्यौंट गर्न नसकेको पेशागत गुनासो गाँउ शिक्षा समितिमा पेश गरिने छ ।

(५) गाउँ शिक्षा समितिले गरेको गुनासो फर्स्यौट अन्तिम हुनेछ ।

**३८. <u>अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः</u>**

(१) दफा (४१) मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय पाई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले संघीय कानून अनुसार नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३९. <u>तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :</u>** दफा (४६) को उपदफा (२) मा उल्लेखित अवस्था तथा दफा (३४) को उपदफा ३ (ख) मा भएको व्यवस्थाको प्रतिकूल नहुने गरी वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवा अवधिमा समेत गणना हुने छैन ।

**४०. <u>दरबन्दी स्वीकृत गर्नु पर्ने :</u>**

(१) सामुदायिक विद्यालयले सरकारी दरबन्दीमा बाहेक अन्य श्रोतबाट शिक्षक नियुक्ति गर्नको लागि तोकिए बमोजिम शिक्षा शाखावाटविद्यालयले आफ्नो दरबन्दी विश्लेषण तथा कार्यभार स्वीकृत गराएर मात्र गर्नु पर्छ । यसरी दरबन्दी स्वीकृत नगरी कुनै विद्यालयले शिक्षक नियुक्ति गरेमा नियुक्त शिक्षकलाई भुक्तानी गरेको तलव भत्ता र अन्य रकमहरू नियुक्ति गर्ने पदाधिकारीले विद्यालय कोषमा तिर्नु पर्नेछ ।

(२) हाल कार्यरत शिक्षकहरू २०७७ अषाढ मसान्तसम्म यसै प्रावधान अनुसार नियुक्त भएको मानिने छ । सो अवधि पछिको हकमा दफा ३२ अनुसारको प्रकृया पूरा नगरी सेवा निरन्तरता दिन पाइने छैन ।

## परिच्छेद- ८

## दण्ड र सजाय

**४१. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई संघीय र प्रादेशिक कानून बमोजिम मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी संघीय र प्रदेशिक कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएमा रु एक लाख रुपैयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजाय हुनेछः

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै कक्षा, शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा ट्युसन कक्षा वा परीक्षा तयारी कक्षा सञ्चालन गरेमा,

(झ) अनुमति नलिई माथिल्लो कक्षा सञ्चालन गरेमा वा सञ्चालन अनुमति नपाएको कुनै कक्षा सञ्चालन गरी शैक्षिक प्रमाणपत्र जारी गरेमा,

(ञ) अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई आफ्नो विद्यालयबाट परिक्षाको लागि रजिष्ट्रेशन गराएमा, परीक्षामा सहभागी गराएमा वा शैक्षिक योग्यताको प्रमाणपत्र जारी गरेमा,

(ट) दफा (४७) अनुसार तोकिएको शुल्क विपरित हुने गरी कुनै संस्थागत विद्यालयले शुल्क लिएमा ।

(३) उपदफा (१) र (२) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको किनारा नलागेसम्म स्वत निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ।

(४) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लघन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ:

(क) विद्यालयका शिक्षक र कर्मचारीलाई विभागीय सजाय र जरिबाना गर्ने,

(ख) विद्यार्थीलाई छात्राबास वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) शिक्षक वा अन्य व्यक्ति भए कसूरको मात्रा हेरी बिगो असुल गरी बिगो बमोजिम जरिबाना गर्ने,

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने।

**४२.** सम्पत्ति सम्बन्धी मुद्दाको तहकिकात र दायरी : संघीय, प्रादेशिक र स्थानीय कानूनमा तोकिए बमोजिम हुनेछ।

**४३.** पुनरावेदन:तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

## परिच्छेद- ९

## विद्यालय सम्पत्ति व्यवस्थापन

**४४. विद्यालयको सम्पत्तिः**

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ।

(२) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालय, सामुदायिक बालविकास केन्द्र, गाउँपालिका अन्तरगतको कुनै कार्यालय, सामुदायिक सिकाइ केन्द्र, संग्रहालय, सीप विकास केन्द्र, सामुदायिक पुस्तकालय वा सामुदायिक हितमा उपयोग गर्न सक्नेछ। यसरी प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम गाउँ शिक्षा समितिले तोकेको कोषमा जम्मा गर्नुपर्नेछ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(४) कम्पनी र सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनी वा सहकारीको नाममा रहनेछ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाँउपालिकाको अनुमति लिनु पर्नेछ। तर विदेशी व्यक्ति वा संघ संस्थाबाट चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ। यसरी प्रक्रिया नपुगी लिएको सम्पत्ति स्वतः गाँउपालिकाको हुनेछ।

(६) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

**४५. विद्यालय सम्पत्ति संरक्षण समिति :**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्तिको संरक्षण तथा संस्थागत विद्यालयको सम्पत्तिको शैक्षिक प्रयोजनार्थ उपयोगको सम्बन्धमा कार्य गर्न देहाय अनुसारको विद्यालय सम्पत्ति संरक्षण समिति रहने छः

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत गाउँपालिका - सदस्य

(ग) मालपोत र नापी प्रशासन सम्बन्धी काम गर्ने नेपाल सरकार वा गाउँपालिकाको कम्तिमा छैटौं तहको अधिकृत एक जना - सदस्य

(घ) शिक्षा अधिकृत - सदस्य सचिव

(२) कुनै विद्यालयको जग्गाको व्यवस्थापन सम्बन्धी विषयमा छलफल गर्न आयोजित वैठकमा सो विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- १०

## विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्था

**४६. विद्यालयको वर्गीकरणः**

विद्यालयको वर्गिकरण संघीय /प्रादेशिक ऐन तथा नियकावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

**४७. संस्थागत र सहकारी विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः**

(१) संस्थागत र सहकारी विद्यालयले विद्यार्थीसङ्ग लिन पाउने शुल्क निर्धारणको लागि देहाय अनुसारको शुल्क निर्धारण समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति - अध्यक्ष

(ख) संयोजक, सामाजिक विकास समिति - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट गाँउ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ङ) शिक्षक अभिभावक संघका अध्यक्ष वा सदस्य मध्येबाट गाँउ शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(च) स्थानीय शिक्षा अधिकारी - सदस्य सचिव

(२) शुल्क निर्धारण समितिले तोकिएको आधारमा शुल्क निर्धारण गर्नेछ ।

(३) शुल्क निर्धारण समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि ४७ (१) बमोजिम गठित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद- ११

## विविध

**४८. अनुमति वा स्वीकृति रद्द गर्नेः**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीको सिफारिसमा गाँउ शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**४९. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) तोकिए बमोजिम बाहेक कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(३) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

(४) विद्यालय हाताभित्र कुनै पनि राजनीतिक दलको भेला, सेमिनार, गोष्ठी वा आम सभा गर्न दिइने छैन ।

(५) बालबालिकालाई बालबालिकासँग सम्बन्धित बाहेक अन्य कुनै पनि जुलुस, प्रदर्शन आदिमा सहभागी गराईने छैन ।

(६) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**५०. शैक्षिक परामर्श सेवा, विद्यालय बाहिरको शिक्षण वा अन्य शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा, ट्यूशन कक्षा, कोचिङ कक्षा वा परीक्षा तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) विदेशी मुलुकको कुनै शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति संघीय कानून अनुसार हुनेछ ।

(३) उपदफा (१) र (२) को व्यवस्था विपरित सञ्चालित शैक्षिक कार्यक्रम गाँउपालिकाले बन्द गर्ने छ भने त्यस्तो संस्था वा शैक्षिक कार्यक्रम सञ्चालकलाई कानून बमोजिम कारवाही गरिनेछ ।

**५१. प्रगति विवरण बुझाउनु पर्नेः** प्रत्येक विद्यालयले प्रत्येक शैक्षिक सत्र सकिएको १ महिना भित्र तोकिए बमोजिमको विवरणहरू समावेश गरी बार्षिक प्रगति विवरण शाखामा बुझाउनु पर्नेछ ।

**५२. नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वय गर्न गाँउपालिकाले अन्य विषयको अतिरिक्त देहायका विषयहरूमा आवश्यक नियम बनाउन सक्नेछ ।

(क) विद्यालयको नामाकरण, झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यालयलाई दिइने अनुदान,

(ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन,

(घ) अतिरिक्त तथा सह कार्यकलाप,

(ङ) विद्यार्थी भर्ना र विद्यार्थी सङ्ख्या सम्बन्धी,

(च) छात्रावासको अनुमति, स्वीकृति र सञ्चालन तथा अनुगमन,

(छ) विद्यालयको आय व्यय जाँच.

(ज) विद्यालयको किताब बही र अन्य कागजात तयार गर्ने तथा राख्ने तरिका,

(झ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री (संघीय र प्रादेशिक कानूनको परिधिमा रहेर),

(ञ) शिक्षक तथा विद्यार्थी आचार संहिता,

(ट) विद्यालय तथा समुदायमा पुस्तकालय तथा वाचनालय,

(ठ) शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन सम्बन्धी तालिम,

(ड) भाषा शिक्षण, ट्युशन सेन्टर, तयारी कक्षा वा अन्य यस्तै विद्यालय बाहिरका शिक्षा,

(ढ) विद्यार्थी सल्लाह, परामर्श, निर्देशन र सुरक्षा,

(ण) विद्यार्थी परिवहन,

(त) संस्थागत विद्यालयको सञ्चालन सम्बन्धी सम्पूर्ण विषयहरू,

(थ) गुठी/सहकारी विद्यालय सञ्चालन सम्बन्धी,

(द) अन्य ऐनमा उल्लिखत विषयहरू

(२) यस ऐनको कार्यान्वयनको लागि उपदफा (१) बमोजिमको नियम अन्तरगत रहेर गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका कार्यविधि, नियमावली बनाई लागू गर्न सक्नेछ ।

**५३. संस्थागत विद्यालयको हकमा लागु नहुने:** यस ऐनको दफा (३१), दफा (३२), दफा (३३), दफा (३५), दफा (३६), दफा (३७), दफा (३८) र दफा (३९) संस्थागत विद्यालयको हकमा लागु हुने छैन ।

**५४. संक्रमणकालीन व्यवस्था:** (१)यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाँउ शिक्षा समितिले आवश्यक कार्यविधि तोकी सम्पादन गर्न सक्नेछ ।

**५५. बाधा अडकाउ फुकाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाँउ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन बमोजिम भएको मानिनेछ ।

**५६. बचाउ र खारेजी:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति विषयमा सोहि वमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै विषयले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।